## ❐अनुसूची-६

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

सवारीको नम्बर प्लेटको संकेत (अक्षर र अङ्क)

(क) ठूला तथा मझौला सवारी (बस, ट्रक, डोजर, डम्फर, लोडर, क्रेन, दमकल, ट्याङ्कर, रोलर, पिकअप, भ्यान, मिनीबस, मिनीट्रक, मिनीभ्यान आदि यात्रुवाहकका हकमा १४ सिटभन्दा माथिमा र मालवाहकका हकमा ४ टन वा सोभन्दा बढी कूल भारवाहन क्षमता भएका) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| मेची, कोशी, सगरमाथा, जनकपुर, बागमती, नारायणी, गण्डकी, लुम्बिनी, राप्ती, भेरी, सेती र महाकाली अञ्चलहरूको लागि क्रमशः मे., को., स., ज., बा., ना., ग., लु., रा., भे., से., र म. | क<br>घ<br>ग<br>ख | ख<br>ग<br>घ<br>क | ग<br>ख<br>क<br>घ | क<br>घ<br>ख<br>ग | प<br>य<br>य<br>य |

(ख) साना (कार, जिप, भ्यान, पिकअप, माइक्रोबस आदिजस्ता २४ सिट वा कूल भारवहन क्षमता ४ टनभन्दा कम भएका) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | च<br>झ<br>ज | ज<br>झ<br>च | झ<br>ज<br>च | च<br>ज<br>झ | प<br>य<br>य |

❐ निर्माण तथा यातायात मन्त्रालयको मिति २०५६।६।३ को नेपाल राजपत्रको सूचनाले हेरफेर भएको ।

(ग) साना (मोटर साइकल, स्कुटर आदिजस्ता दुईपाङ्ग्रे)) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | प<br>म<br>ब<br>फ | फ<br>ब<br>म<br>प | ब<br>फ<br>प<br>म | म<br>प<br>फ<br>ब | प<br>य<br>य<br>य |

(घ) ट्याक्टर र पावरटिलरको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | त<br>न<br>द<br>थ | थ<br>द<br>न<br>त | द<br>थ<br>त<br>न | न<br>त<br>थ<br>द | प<br>य<br>य<br>य |

(ङ) साना (टेम्पो, अटोरिक्सा आदिजस्ता तीनपाङ्गे) सवारी साधनहरूको लागि ।

| अञ्चल संकेत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| खण्ड (क) मा उल्लेख भएबमोजिम, | स<br>त्र<br>क्ष<br>ह | ह<br>क्ष<br>त्र<br>स | क्ष<br>ह<br>स<br>त्र | त्र<br>स<br>ह<br>क्ष | प<br>य<br>य<br>प |

**<u>द्रष्टव्य :</u>**

नम्बरप्लेटको स्वरूप :

१. सवारीमा राख्ने नम्बरप्लेट कम्तीमा पनि २० गेजको धातुबाट बनेको पातामा ऐनको अनुसूची-२ बमोजिमको साइजमा हुनु पर्नेछ ।

२. माथि द्रष्टव्य १ बमोजिम पातामा ऐनको अनुसूची-२ मा तोकिएको रङ्ग अनुसारका अङ्क र अक्षर देवनागरी लिपिमा स्पष्ट रूपमा लेखिएको हुनु पर्नेछ ।

३. नम्बर प्लेटमा बढीमा आठवटासम्म अङ्क र अक्षर रहने छन् जसलाई तल र माथि गरी दुई लाईनमा निम्नानुसार राखिनु पर्नेछ ।

नेपाल कानून आयोग

(क) माथिल्लो लाइनको शुरुमा सवारी दर्ता गर्ने कार्यालयको अञ्चल संकेत अक्षर र त्यसपछि सवारी समूह जनाउन अङ्क लेखिनु पर्नेछ । यस्तो सवारी समूह जनाउने अङ्क आवश्यकता अनुसार १ देखि ९९ सम्म हुनेछ । यस्तो अङ्क पछि सवारीको किसिम जनाउने संकेत अक्षर लेख्नु पर्नेछ ।

(ख) तल्लो लाइनमा सवारीको दर्ता नम्बर लेख्नु पर्नेछ, यस्तो दर्ता नम्बर एउटा संकेत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९ सम्म) मात्र हुनेछ । प्रयोग अनुसार कुनै एक संकेत अक्षरमा चार अङ्कको सबैभन्दा ठूलो संख्या (९९९९) पुगेपछि क्रमशः अर्को संकेत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ ।

**उदाहरणार्थ** : यातायात व्यवस्था कार्यालय, वागमती अञ्चलमा दर्ता हुने पहिलो समूहको १२८६ दर्ता नम्बरको निजी मोटर साइकलको नम्बरप्लेट देहाय बमोजिम हुनेछ ।

बा १ प

१ २ ८ ६

तर मोटरसाईकल स्कुटर आदि दुई पाङग्रे सवारीहरूको अगाडिपट्टि राखिने नम्बरप्लेटको हकमा एक लाईन कायम गरी उपयुक्त साईजमा राख्न सकिनेछ ।

४. कुटनीतिक नियोगका सवारी र अन्य कुटनीतिक नम्बर प्रयोग गर्न पाउने व्यक्ति वा संस्थाहरूको सवारीको प्लेटमा त्यस्तो नियोग र संस्थालाई सवारी दर्ता प्रयोजनका लागि प्रदान गरिएको संकेत, अङ्क र अक्षर प्रयोग गर्न पर्नेछ ।

नेपाल कानून आयोग